जिल्ला समन्वय समितिको कार्यालय
सुनसरी
कोशी प्रदेश नेपाल
इनरूवा, सुनसरी

प.सं. : ०८१।८२
च.नं. ४०

मिति :- २०८१।०५।३०

विषय :-निर्णय कार्यान्वयन गर्ने सम्वन्धमा ।

श्री स्थानिय तह
सुनसरी सबै ।

उपर्युक्त सम्वन्धमा, जिल्ला समन्वय समिति, सुनसरीको मिति २०८१।०५।२८ मा बसेको सातौं जिल्ला सभाबाट तपसिल बमोजिम निर्णय गरेको हुंदा सो निर्णय कार्यान्वयनको लागी निर्णय उतार गरी पठाईएको व्यहोरा अनुरोध छ ।

स्थानिय तहसंग सम्वन्धित प्रस्तावहरु

१) LISA तथा FRA को मुल्यांकन सम्वन्धमा ।
२) स्थानिय तहको अनुगमन तथा प्रतिवेदन प्रणाली सम्वन्धमा ।
३) महिला , शान्ती र सुरक्षा सम्वन्धि दोश्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्वन्धमा ।

निर्णय उतार

- स्थानिय सरकार संचालन ऐन, २०७४ अनुसार हरेक स्थानिय तहले आ-आफ्नो स्थानिय तहको संस्थागत क्षमता स्वःमूल्यांकन तथा वित्तिय सुशासन जोखिम मूल्यांकन गरी संघिय सरकारले दिएको प्रोटोकल अनुसार हरेक वर्षको पौष मसान्त भित्रमा जिल्ला समन्वय समितिमा पृष्ठपोषणको लागी पठाई पृष्ठपोषण भै फिर्ता भए पश्चात प्रकाशन गर्नु पर्ने प्रावधान रहेको छ । समयमा मूल्यांकनको विवरण पेश नगर्ने स्थानिय तहहरुको लागी संघिय सरकारवाट प्राप्त हुने वजेटमा समेत असर पर्ने देखिएको हुँदा यस जिल्ला अन्तर्गतका सवै स्थानिय तहहरुले तोकिएको समय भित्र आ-आफ्नो पालिकाको संस्थागत क्षमता स्वःमूल्यांकन तथा वित्तिय सुशासन जोखिम मूल्यांकन गरी प्रकाशित गर्ने निर्णय गरियो ।

- नेपालको संविधानले परिकल्पना गरेको तिनै तहका सरकारबाट सम्पादित कार्यहरुको समष्टिगत अभिलेखको आधारमा राष्ट्रिय नीति, योजना र कार्यक्रम तर्जुमा गर्न र लगानीका आधारमा लक्ष्य प्राप्त भए नभएको मापन गर्न संविधानको धारा २२० को उपधारा (७) ले परिकल्पना गरे अनुसार जिल्ला समन्वय समिति मार्फत स्थानिय तहबाट सम्पादित कार्यको अनुगमनको लागी स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८० अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाउँपालिका तथा नगरपालिकाको (सूचना प्रविधिमा आधारित) अनुगमन ढाचा,२०७७ तयार गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेवसाइटमा समावेश समेत

जिल्ला समन्वय अधिकारी

Scanned with CamScanner

# जिल्ला समन्वय समितिको कार्यालय
# सुनसरी
## कोशी प्रदेश नेपाल
## इनरूवा, सुनसरी

प.सं. : ०८१।८२
च.नं.

गरी सकेको हुंदा सो अनुसारको गत विगत आ.व.२०८०।०८१ को आ-आफ्नो स्थानिय तहहरुको प्रतिवेदन प्रणाली अनुसार तोकिएको समय भित्र प्रविष्ट गरी, गर्न लगाई अनुगमन प्रणालीलाई सहयोग गर्ने निर्णय गरियो ।

- नेपाल सरकार, गृह मन्त्रालयको **महिला, शान्ती र सुरक्षा सम्वन्धि संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद प्रताव नं. १३२५ र १८२०** को कार्यान्वयन सम्वन्धी दोश्रो राष्ट्रिय कार्ययोजना (आ.व.२०७९।८०-२०८१।८२) कार्यान्वयनको लागी कार्ययोजनाको दफा १२ को उपदफा १२.५ अनुसारको कार्ययोजना कार्यान्वयन स्थानिय समिति गठन गरी स्थानिय समितिलाई तोकीएको कार्ययोजना कार्यान्वयन गर्नु पर्ने भएको हुंदा कतिपय पालिकाहरुमा सो अनुसारको समिति नै गठन भएको नदेखिएको हुंदा निर्देशिका बमोजिम स्थानिय समिति गठन गरी सो को कार्यान्वयनको लागी स्थानिय तहले कार्यविधि बनाई **महिला, शान्ती र सुरक्षा सम्वन्धि संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद प्रताव नं. १३२५ र १८२०** को कार्यान्वयनमा स्थानिय समितिलाई तोकीएको कार्ययोजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

..........
२०८१।५।३०
(भूपध्वज थापा)
जिल्ला समन्वय अधिकारी
जिल्ला समन्वय अधिकारी

वोधार्थ
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौ :- जानकारीको लागी ।
श्री जिल्ला प्रशासन कार्यालय, सुनसरी :- जानकारीको लागी ।

Scanned with CamScanner